# स्वतः प्रकाशन (बैशाख-अषाढ)

# (PROACTIVE DISCLOSURE)

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५

को नियम ३ सँग सम्बन्धित)





# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय-जय नेपाल ।।

# आन्तरिक राजस्व कार्यालय, कृष्णनगर

## कर्मचारी विवरणः

**दिनेश पाण्डे**
कार्यालय प्रमुख (प्रमुख कर अधिकृत)

धनिश्वर अर्याल
कर अधिकृत

दिपक कुमार न्योपाने
कर अधिकृत

चिरञ्जीवि वस्याल
सूचना अधिकारी (कर अधिकृत)

हिमाल कुमार मगर
नायब सुब्बा

हिरालाल चौधरी
नायब सुब्बा

कमल प्रसाद ज्ञवाली
नायब सुब्बा

खुमबहादुर रावत क्षेत्री
नायब सुब्बा

प्रकाश गौतम
नायब सुब्बा

शत्रुधन महतो
नायब सुब्बा

रामकुमार यादव
नायब सुब्बा

कृष्णमोहन चौधरी
लेखापाल

ईश्वर के.सी
डा.ई.सु.

राजु पुन
डा.ई.सु.

सन्तराम थारु
ह.स.चा.

डुकबहादुर पुन
का.स.

फूलमति थारु
का.स.

डिल्लीराम थारु
का.स.

**हाम्रो भन्नु,**

नेपालको संविधान (२०७२) को धारा २७ मा प्रत्याभूत एवं धारा २८ मा व्यवस्थित सूचनाको हकलाई संरक्षण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(४) र नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले सार्वजनिक सरोकार एवं गतिविधिहरूको विवरण प्रत्येक ३/३ महिनामा तोकिएका विवरणहरू समावेश गरी प्रकाशन गर्नुपर्ने व्यवस्था छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ ले व्यवस्था गरेका विभिन्न शिर्षक बमोजिमका सूचनाहरू आम नागरिकको सुसूचित हुने हकलाई ध्यानमा राख्दै नागरिकले माग नगरे पनि आफ्नो निकायको जवाफदेहिता, पारदर्शिता र विश्वसनीयताका लागि नियमित रुपमा विवरण स्वतः प्रकाशित (Proactive Disclosure) गर्नुपर्ने विश्वव्यापी मान्यता हो ।

यसका अलावा नेपालको संविधानमा प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको तथा विश्वव्यापी मानव अधिकार घोषणापत्र, १९४८ को धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरेकोले सूचनाको स्वःस्फुर्त प्रवाहलाई बढावा दिनु वाञ्छनीय हुन आउँछ ।

यहि मान्यतालाई मध्यनजर गर्दै यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगरले २०७९ साल बैशाख, जेठ र असार महिनामा भए गरेका स्वतः प्रकाशन गर्न मिल्ने सम्पूर्ण गतिविधिहरूको विवरण प्रकाशित गरेको छ । यस कार्यालयसँग सम्बन्धित आफ्नो व्यक्तिगत एवं आम नागरिकको सरोकारका कुनै पनि विषयका सूचना आवश्यक परेमा यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगरमा सम्पर्क गर्नुहुन आम नागरिकहरूलाई हार्दिक आग्रह गर्दछौं । साथै नागरिकहरूले पनि आफ्नो सुसूचित हुने हकको प्रयोग गर्दै सार्वनजिक निकायहरूलाई पारदर्शी र जवाफदेहि बनाउनको लागि सहयोग गर्न अनुरोध गर्दछौं ।

मितिः २०७९ श्रावण ०५ गते ।

| चिरन्जीवी बस्याल | दिनेश पाण्डे |
|---|---|
| सूचना अधिकारी | कार्यालय प्रमुख |

## विषयसूची


| | | |
|---|---|---|
| १. | कार्यालयको स्वरुप र प्रकृति | १ |
| २. | सोच, गन्तव्य, उद्देश्य, मान्यता एवं प्रतिवद्धताहरू | १ |
| ३. | कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ४. | करदाताका अधिकार र कर्तव्यहरू | ३ |
| ५. | कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण | ३ |
| ६. | कार्यालयबाट प्रदान गरिने सेवाहरू | ४ |
| ७. | सेवा प्रदान गर्ने निकायको शाखा, कार्य र जिम्मेवार अधिकारी | ५ |
| ८. | सेवा प्राप्त गर्न आवश्यक कागजात, लाग्ने दस्तुर, अवधि, सम्पर्क शाखा र गुनासो सुन्ने अधिकारी | ६ |
| ९. | निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ८ |
| १०. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ८ |
| ११. | सम्पादन गरेको कामको विवरण | ८ |
| १२. | बार्षिक राजस्व संकलन | ८ |
| १३. | कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बर | ९ |
| १४. | अडियो नोटिस बोर्ड, वेवसाइट र पेज | ९ |
| १५. | ऐन, नियम, विनियम वा निर्देशिकाहरूको सूची | १० |
| १६. | कर प्रशासनको अनुरोध | १० |
| १७. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | ११ |
| १८. | कार्यालयले वर्गिकरण तथा संरक्षण गरेका सूचनाको विवरण | १३ |
| १९. | कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सूचना दिईएको विषय | १३ |
| २०. | कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण | १३ |
| २१. | सूचनाको हकसम्बन्धी महत्वपूर्ण जानकारीहरू | १३ |

## १. कार्यालयको परिचय, स्वरुप, प्रकृति र कार्यक्षेत्रः

विश्वमा बढ्दो आर्थिक अन्तरनिर्भरता र पूँजी, प्रविधि र श्रमको बढ्दो प्रवाह अनुरुप मुलुकको कराधारको संरक्षण गर्नुपर्ने आवश्यकता महसुस गरी नेपालमा व्यवस्थित कर प्रणाली थालनी भएको साढे पाँच दशक भईसकेको छ । त्यस्तै स्वयंकर निर्धारणको सिद्धान्तमा आधारित आधुनिक कर प्रणालीको प्रारम्भ भएको दुई दशकभन्दा बढी भईसकेको छ । आयकर प्रणालीलाई व्यवस्थित गर्ने उद्देश्यले आयकर ऐन, २०५८ तथा अन्तःशुल्कलाई आधुनिक र व्यावहारिक बनाउने उद्देश्यले अन्तःशुल्क ऐन, २०५८ जारी भई कार्यान्वयनमा आएको २० बर्ष भैसकेको छ । त्यस्तै एकल आधुनिक कर एवं अत्याधुनिक, लचिलो र पारदर्शी करको रुपमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ तर्जुमा भई २०५४ साल मंसिर १ गरेदेखि मूल्य अभिवृद्धि कर लागू गरिएको हो ।

कर राजस्व उठाउने मुख्य जिम्मेवारी पाएको आन्तरिक राजस्व विभागले देशका विभिन्न ४३ स्थानमा रहेका आन्तरिक राजस्व कार्यालयहरू,मध्यम स्तरीय करदाता कार्यालय १, ठूला करदाता कार्यालय १ तथा ३९ वटा करदाता सेवा कार्यालयहरूमार्फत देशको कर प्रशासनको व्यवस्थापन एवं सञ्चालन गर्दै आएको छ । कपिलवस्तु तथा अर्घाखाँची जिल्ला कार्यक्षेत्र रहने गरी यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगरले निरन्तर रुपमा करदाताहरूलाई सेवा प्रवाह एवं सहजिकरण गर्दै आएको छ । हाल यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगरको कार्यालय कृष्णनगर नगरपालिकाको वडा नं. २ मा रहेको छ ।

आन्तरिक राजस्व विभाग अन्तर्गत रहेको आन्तरिक राजस्व कार्यालय, कृष्णनगर अन्तर्गत करदाता सेवा कार्यालय, तौलिहवा तथा करदाता सेवा कार्यालय, सन्धिखर्क रहेका छन्। आन्तरिक राजस्व कार्यालय, कृष्णनगरको प्रमुख कार्य नेपालमा आन्तरिक रुपमा परिचालन हुने प्रमुख करहरू आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको प्रशासन गर्नु हो ।

यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगरको कार्यक्षेत्र कपिलवस्तु तथा अर्घाखाँची जिल्ला रहेको छ ।

## २. सोच, गन्तव्य, उद्देश्य, मान्यता एवं प्रतिवद्धताहरूः

"करसँग डर होइन, भर गरौं" भन्ने अभिप्रायका साथ यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगर अगाडि बढेको परिप्रेक्ष्यमा आन्तरिक राजस्व विभागको जस्तै आफूलाई समय सुहाउँदो एवं व्यावसायिक संगठन बनाउने दिशामा लागिरहेको यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगरका सोच, गन्तव्य, उद्देश्य एवं प्रतिवद्धताहरू निम्न रहेका छन्ः

**सोच (Vision):**

- ✓ आन्तरिक राजस्व परिचालन, व्यावसायिक सेवा, नवीन सोच र आर्थिक वृद्धिका लागि संगठनको निर्माण गर्ने ।

**गन्तव्य (Mission):**

- ✓ स्वेच्छिक कर सहभागिताको लागि गुणस्तरीय सेवाको प्रत्याभूति गर्ने र स्वच्छतापूर्वक कर कानूनको कार्यान्वयन गर्ने ।

**समग्र उद्देश्य (Overall Objective):**

- ✓ सक्षम र प्रभावकारी कर प्रणालीको प्रवर्द्धन गर्ने ।

**मूल्य मान्यता (Values):**

- ✓ समता पूर्ण व्यवहार,
- ✓ करदाताको सम्मान,
- ✓ सदाचारिता र प्रतिवद्धता,
- ✓ सहकार्य र
- ✓ नवीन सोचका साथ कार्य गर्ने ।

**प्रतिवद्धताहरू (Promises):**

- ✓ जनतालाई सम्मान र सेवा, सुशासनलाई टेवा,
- ✓ कर सहभागितामा प्रवर्द्धनात्मकता,
- ✓ सुविधाजन्य र प्रविधिमैत्री कर संरचना,
- ✓ मुस्कान सहितको सेवा,

**३. कार्यालयको काम, कर्तव्य र अधिकारः**

यस आन्तरिक राजस्व कार्यालय, कृष्णनगरका काम, कर्तव्य र अधिकारहरू निम्न रहेका छन्ः

- ✓ आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लगायतका करहरूको प्रयोजनका लागि एकल दर्ता प्रणालीको रुपमा स्थायी लेखा नम्बर जारी गरी कर प्रशासन सञ्चालन गर्नु,
- ✓ प्राकृतिक व्यक्तिको लागि P-PAN जारी गर्नु,
- ✓ नियमित बजार अनुगमन गर्नु, करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नु, अन्तर्क्रिया, छलफलजस्ता कार्यक्रमहरू सञ्चालन गर्नु,

- ✓ मदीरा तथा सूर्तिजन्य पदार्थहरूको बिक्रिवितरण गर्नलाई इजाजत प्रदान गर्नु, बार्षिक रुपमा इजाजतपत्र नविकरण गर्नु,
- ✓ कर संकलन गर्नु, बक्यौता, बेरुजु दाखिला गर्न लगाउनु,
- ✓ आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लगायतका करहरू आकर्षित हुने कारोबारलाई करको दायरामा ल्याउनु,
- ✓ कर छली भएको विश्वसनिय आधार भएमा आन्तरिक राजस्व विभागले तोकेको मापदण्डको आधारमा पूर्ण कर परीक्षण तथा अनुसन्धान गरी कारवाही गर्नु,

**४. करदाताका अधिकार र कर्तव्यहरूः**

**अधिकारहरूः**

क. सम्मानपूर्वक व्यवहारको अधिकार,

ख. प्रचलित कानूनबमोजिम करसम्बन्धी भएका अभ्यासहरूको सूचना प्राप्त गर्ने अधिकार,

ग. करसम्बन्धी कुरामा सफाइको सवूद पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ. प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक मुकरर गर्ने अधिकार,

ङ. करसम्बन्धी गोपनीय कुराहरू ऐनमा उल्लेख भएदेखि बाहेक अनतिक्रम्य हुने अधिकार,

च. बढी दाखिला भएको कर फिर्ता पाउने वा समायोजन गर्ने अधिकार,

छ. पूर्वादिश माग्ने अधिकार,

ज. प्रशासकीय पुनरावलोकन वा पुनरावेदन सम्बन्धी अधिकार ।

**कर्तव्यहरूः**

क. स्थायी लेखा नम्बर तथा दर्ता प्रमाण पत्र लिनुपर्ने,

ख. वस्तु वा सेवा बिक्री तथा आपूर्ती गर्दा बिल बिजक जारी गर्नुपर्ने,

ग. कारोबारको अभिलेख राख्नुपर्ने,

घ. अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने,

ङ. समयमा नै कर विवरण दाखिला गर्नुपर्ने,

च. समयमा नै कर दाखिला गर्नुपर्ने,

छ. कार्यालयले माग गरेको सूचना दिनुपर्ने,

ज. कार्यालयले सूचना दिएमा उपस्थित हुनुपर्ने,


झ. कार्यालयको काम कारवाहिमा बाधा बिरोध गर्न नहुने ।

**५. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

यस कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ। हाल कार्यालयमा जम्मा १८ जना कर्मचारीहरू कार्यरत छन् ।

| | | |
|---|---|---|
| ५.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्याः | २३ जना |
| ५.२ | स्थायी कर्मचारी दरवन्दी संख्याः | १८ जना |
| ५.३ | करार सेवा कर्मचारीः | ५ जना |
| ५.४ | जम्मा कर्मचारी संख्याः | १८ जना |

**<u>संगठन तालिकाः</u>**




**६. कार्यालयबाट प्रदान गरिने सेवाहरूः**

६.१ उद्योगी, व्यवसायी एवं प्राकृतिक व्यक्तिलाई स्थायी लेखा नम्बर (PAN र P-PAN) दर्ता प्रमाण पत्र प्रदान गर्ने,

६.२ आय विवरण, मू.अ.कर विवरण, अन्तःशुल्क विवरण लिने, Verify गर्ने,

६.३ मदीरा तथा सूर्तिजन्य पदार्थहरूको बिक्रिवितरण गर्नलाई इजाजत प्रदान गर्ने, बार्षिक रुपमा इजाजतपत्र नविकरण गर्ने,

६.४ आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क दाखिला लिने/गर्न लगाउने,

६.५ नियमित बजार अनुगमन गर्ने,

६.६ कर संकलन गर्ने, बक्यौता, बेरुजु दाखिला गर्न लगाउने,

६.७ करदाताहरूको सचेतनाका लागि करदाता शिक्षा कार्याक्रमहरू सञ्चालन गर्ने,

६.८ कर छली भएको विश्वसनिय आधार भएमा आन्तरिक राजस्व विभागले तोकेको मापदण्डको आधारमा पूर्ण कर परीक्षण तथा अनुसन्धान गरी कारवाही गर्ने आदि।

**७. सेवा प्रदान गर्ने निकायको शाखा, कार्य र जिम्मेवार अधिकारीः**

७.१ करदाता सेवा शाखाः

- ✓ कार्यालयबाट प्रदान गरिने सेवाहरू प्रदान गर्ने,
- ✓ कर अधिकृत श्री चिरन्जीवी बस्याल,
- ✓ ना.सु. श्री प्रकाश गौतम
- ✓ ना.सु. श्री शत्रुधन महतो
- ✓ ना.सु. श्री रामकुमार यादव
- ✓ डा.ई.सु. श्री राजु पुन
- ✓ डा.ई.सु. श्री ईश्वर के.सी.

७.२ कर संकलन शाखाः

- ✓ कर संकलन गर्ने,
- ✓ बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय पठाउने,
- ✓ बक्यौताको लागि संकलन भ्रमण गर्ने।
- ✓ कर अधिकृत श्री दिपक कुमार न्यौपाने
- ✓ ना.सु. श्री हिमाल कुमार मगर
- ✓ ना.सु. श्री कमल प्रसाद ज्ञवाली
- ✓ ना.सु. श्री खुम बहादुर रावत क्षेत्री

## ८. सेवा प्राप्त गर्न आवश्यक कागजात, लाग्ने दस्तुर, अवधि, सम्पर्क शाखा र गुनासो सुन्ने अधिकारी/सार्वजनिक सेवा बडापत्रः

| क्र. सं. | कामको विवरण | पेश गर्नुपर्ने कागजातहरू | लाग्ने समय | लाग्ने कर/दस्तुर | सम्पर्क शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्रदान गर्ने । | • सम्बन्धित व्यक्ति आफैं उपस्थित भई अनुसूची बमोजिमको दरखास्त फाराम भरी पेश गर्नुपर्ने ।<br>• व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।<br>• नेपाली नागरिकताको प्रतिलिपी ।<br>• पासपोर्ट साइजको फोटो २ प्रति ।<br>• कारोबार स्थल आफ्नै घर जग्गा भए जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी र बहालमा रहने भए बहाल सम्झौताको प्रतिलिपी ।<br>• दर्ता हुन चाहने निकाय (संघ, संस्था, प्रा.लि., साझेदारी लगायत) ले प्रचलित कानूनबमोजिम तयार गरेका विधान, विनियम, नियमावलीको प्रतिलिपीका साथै निकायको छाप तथा सञ्चालक समिति वा कार्य समितिको निर्णय तथा जिम्मेवार व्यक्तिको नागरिकता । | ३ घण्टा | दरखास्त फाराममा रु. १०।०० को टिकट टाँस्नुपर्ने | करदाता सेवा शाखा (कोठा नं. २) | घनिश्वर अर्याल कर अधिकृत |
| २. | मू.अ.क.विवरण पेश/Verification गर्ने । | • मासिक विवरण पेश गर्ने करदाताले सो महिना समाप्त भएको २५ दिनभित्र अनुसूची-१० बमोजिमको कर विवरण ।<br>• चौमासिक विवरण पेश गर्नुपर्ने करदाताले मंसिर, चैत्र र श्रावण महिनाको १ गतेदेखि २५ गतेभित्र अनुसूची-१० बमोजिमको कर विवरण । | सोही दिन | विवरण बमोजिमको कर रकम | | |
| ३. | आय विवरण पेश/Verification गर्ने । | • आय विवरण फाराम कार्यालयबाट उपलब्ध गराईने, सो फाराम तथा अनुसूचीहरू भरी वित्तीय विवरण पेश गर्नुपर्नेको हकमा सो समेत पेश गर्नुपर्ने ।<br>• विद्युतीय माध्यमबाट पेश गर्नेले Submission Number पेश गर्नुपर्ने । | | | | |
| ४. | अनुमानित करको विवरण र किस्ताबन्दीमा कर दाखिला गर्ने । | कार्यालयबाट उपलब्ध गराईएको नमुना बमोजिमको विवरण फाराम भरी चालु आ.व.को पौष महिनामा अनुमानित करको विवरण र अनुमानित करको ४०% कर रकम दाखिला गर्नुपर्ने, चैत्रको अन्त्यसम्म ७०% र आषाढ महिनाको अन्त्यसम्म १००% कर रकम दाखिला गर्नुपर्ने । | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | कर दाखिलाको प्रमाण/कर चुक्ता प्रदान गर्ने । | कार्यालयबाट उपलब्ध गराईएको नमूना बमोजिमको फाराम भरी पेश गर्नुपर्ने । | बाँकी बक्यौता नरहेकोमा सोहि दिन, बाँकी बक्यौता भए सो चुक्ता भइसकेपछि । | • निवेदनमा रु. १०।०० को टिकट ।<br>• कर दाखिलाको प्रमाण ।<br>• करचुक्ता माग भएको मितिसम्मको आय विवरण र सो बमोजिम तिर्नुपर्ने सम्पूर्ण कर रकम। | करदाता सेवा शाखा (कोठा नं. २) | धनिश्वर अर्याल कर अधिकृत |
| ६. | कर संकलन, बक्यौता, बेरुजु दाखिला गर्ने । | कार्यालयबाट माग भएबमोजिम । | सोहि दिन | रकमको हकमा असुली हुन बाँकी रकम र कागजातको हकमा माग भएको प्रमाण । | कर संकलन शाखा (कोठा नं. ३) | |
| ७. | व्यक्तिगत स्थायी लेखा नम्बर लिनुपर्ने । | • आन्तरिक राजस्व विभागको Websitewww.ird.gov.npको Taxpayer Portal अन्तर्गत Personal e-PAN मा आवश्यक विवरण भरी Submission Number सहित कार्यालयमा सम्पर्क गर्नुपर्ने अथवा<br>• कार्यालयबाट उपलब्ध गराईएको नमूना अनुसारको विवरण फाराम भरी १ प्रति Passport Size को फोटो र नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसहित कार्यालयमा पेश गर्नुपर्ने । | | दस्तुर नलाग्ने । | करदाता सेवा शाखा (कोठा नं. २) | |
| ८. | अन्तःशुल्क इजाजतपत्र जारी/नविकरण गर्ने । | • सम्वन्धित व्यक्ति उपस्थित भई कार्यालयबाट प्राप्त निवेदन फाराम भर्नुपर्ने ।<br>• नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साईजको फोटो २ प्रति र दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>• इजाजतपत्र नविकरणको लागि निवेदन फाराम र सक्कल प्रमाणपत्र । | | अन्तःशुल्क नियमावली, २०५९ को अनुसूची २ बमोजिम लाग्ने दस्तुर । | | |

## ९. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः

कार्यालय प्रमुखः- श्री दिनेश पाण्डे ।

## १०. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कार्यालय प्रमुखः- श्री दिनेश पाण्डे ।

## ११. सम्पादन गरेको कामको विवरण (२०७९ बैशाख - असार):

११.१ जम्मा राजस्व संकलनः रु. ३९८००६०००।००

*राजस्वको प्रकार बमोजिमको संकलन प्रगतिः*

| क्र. सं. | राजस्वको प्रकार | संकलित राजस्व (रु.) | | | |
|---|---|---|---|---|---|
| | | बैशाख | जेठ | असार | जम्मा |
| १. | आयकर | १४४५४०००।०० | १०७०६०००।०० | ८६२८६०००।०० | १११४४६०००।०० |
| २. | भाडा कर | २२९७०००।०० | ५६४०००।०० | ५२६९०००।०० | ८१३००००।०० |
| ३. | व्याज | | ६११०००।०० | २२१४०००।०० | २८२५०००।०० |
| ४. | मू.अ.क. | ४६०२७०००।०० | ४१८१७०००।०० | ५५२५७०००।०० | १४३१०१०००।०० |
| ५. | अन्तःशुल्क | ५२४५७०००।०० | ३८७३७०००।०० | ३४३१८०००।०० | १२५५१२०००।०० |
| ६. | स्वास्थ्य सेवा कर | २५९२०००।०० | २४०००००।०० | १९९४०००।०० | ६९८६०००।०० |
| ७. | शिक्षा सेवा शुल्क | | ६०००।०० | | ६०००।०० |
| | **जम्माः** | **११७८२७०००।००** | **९४८४२०००।००** | **१८५३३७०००।००** | **३९८००६०००।०** |

*महिनाअनुसारको लक्ष्य, संकलन र उपलब्धीः*

| क्र.सं. | महिना | लक्ष्य (रु.) | संकलन (रु.) | उपलब्धी |
|---|---|---|---|---|
| १. | बैशाख | १६३३२१०००।०० | ११७८२६०००।०० | ७२.१४% |
| २. | जेठ | १९९०८८०००।०० | ९४८४२०००।०० | ४७.६४% |
| ३. | असार | १६५८१५०००।०० | १८५३३७०००।०० | १११.७७% |
| | **जम्माः** | **५२८२२४०००।००** | **३९८००५०००।००** | **७५.३४%** |

## १२.बार्षिक राजस्व संकलनः

*राजस्वको प्रकार बमोजिमको संकलन प्रगतिः*

| क्र.सं. | राजस्वको प्रकार | संकलित राजस्व (रु.) |
|---|---|---|
| १. | आयकर | ३४९३२२००।० |
| २. | भाडा कर | १९३२४०००।० |
| ३. | व्याज | १३०१००००।० |
| ४. | मू.अ.क. | ४९००३४०००।० |
| ५. | अन्तःशुल्क | ५२३६९९०००।० |

TSO Baglung

| | | |
|---|---|---|
| ६. | स्वास्थ्य सेवा कर | २६५५८०००।० |
| ७. | शिक्षा सेवा शुल्क | ११०००।० |
| | जम्माः | १४२१९५८०००।० |

*लक्ष्य, संकलन र उपलब्धीः*

| क्र.सं. | आ.व. | लक्ष्य (रु.) | संकलन (रु.) | उपलब्धी (%) |
|---|---|---|---|---|
| १. | ०७८/७९ | १७०२७०९०००।० | १४२१९५८०००।० | ८३।५१% |

## दर्ता/ नविकरण (२०७९ बैशाख - असार):

११.२ PAN जारी संख्याः १०६

११.३ P-PAN जारी संख्याः ५३२

११.४ VAT रजिष्ट्रेसन संख्याः १०

११.५ अन्तःशुल्क दर्ता/नविकरण संख्याः ६

११.६ बजार अनुगमनः १३७फर्महरू

११.७ करदाता शिक्षा एवं अन्तरक्रिया कार्यक्रमः९

| क्र.सं. | स्थान | मिति | विषय | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | बाणगंगा न.पा. सभाहल कपिलवस्तु | २०७८/०७/०८ | करदाता शिक्षा कार्यक्रम | १५ | |
| २. | कपिलवस्तु उद्योग वाणिज्य सँघ सभाहल कपिलवस्त | २०७८/०७/१२ | करदाता शिक्षा कार्यक्रम | ४० | |
| ३. | कपिलवस्तु नगरपालिका तौलिहवा सभाहल | २०७८/०८/०१ | करदाता शिक्षा कार्यक्रम | ८३ | |
| ४. | आ.रा.का. कृष्णनगर सभाहल | २०७८/०८/०७ | करदाता शिक्षा कार्यक्रम | २२ | |
| ५. | जिल्ला प्रशासन कार्यालय कपिलवस्तु सभाहल | २०७८/०९/०५ | करदाता शिक्षा कार्यक्रम | २५ | |
| ६. | भालुवाङ दाङ | २०७८/११/२० | अन्तरक्रिया कार्यक्रम | २० | |
| ७. | आ.रा.का. कृष्णनगर सभाहल | २०७८/११/२६ | करदाता शिक्षा कार्याक्रम | २९ | |
| ८. | कृष्णनगर नगरपालिका सभाहल | २०७८/११/२७ | करदाता शिक्षा कार्याक्रम | १२ | |
| ९. | चेम्बर अफ कमर्स सभाहल चन्द्रौटा | २०७९/०३/०९ | करदाता शिक्षा कार्याक्रम | ४२ | |

१३. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.:

| क्र.सं. | जिम्मेवारी | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | दिनेश पाण्डे | प्रमुख कर अधिकृत | ९८५७०५६६२७ |
| २. | गुनासो सुन्ने अधिकारी | धनिश्वर अर्याल | कर अधिकृत | ९८५११७८३६८ |
| ३. | सूचना अधिकारी | चिरन्जीवी बस्याल | कर अधिकृत | ९८५७०५५६२७ |

१४. अडियो नोटिस बोर्ड, वेवसाइट र पेजः

यस कार्यालयको आफ्नै अडियो नोटिस बोर्ड र वेवसाइट छ । कार्यालयबाट सम्पादित हुने कामहरू र महत्वपूर्ण सूचनाहरू आन्तरिक राजस्व विभागको वेवसाइट www.ird.gov.np बाट गर्न/प्राप्त गर्न सकिन्छ । करदाताहरूको Facebook को बढ्दो प्रयोगलाई ध्यानमा राखेर यस कार्यालयले *आन्तरिक राजस्व कार्यालय, कृष्णनगर* (https://www.facebook.com/profile.php?id=100030157670275) नामक फेसबुक पेज सञ्चालनमा रहेको छ ।

१५. ऐन, नियम, विनियम वा निर्देशिकाहरूको सूची:

ऐनहरू:

- ❖ आयकर ऐन, २०५८
- ❖ मूल्य अभिवृद्धि कर ऐन, २०५२
- ❖ अन्तःशुल्क ऐन, २०५८
- ❖ मदीरा ऐन, २०३१
- ❖ साल बसाली आर्थिक ऐनहरू ।

नियमावलीहरू:

- ❖ आयकर नियमावली, २०५९
- ❖ मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- ❖ अन्तःशुल्क नियमावली, २०५९
- ❖ मदीरा नियम, २०३३

निर्देशिकाहरू:

- ❖ आयकर निर्देशिका, २०६६
- ❖ मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- ❖ अन्तःशुल्क निर्देशिका, २०६८
- ❖ शिक्षा सेवा शुल्क निर्देशिका, २०६५
- ❖ स्वास्थ्य सेवा कर निर्देशिका, २०६५
- ❖ बहाल कर असुली सम्बन्धी कार्यविधि निर्देशिका, २०६८
- ❖ स्वीकृति प्राप्त निकायले स्थायी लेखा नम्बर प्रदान गर्ने

| |
|---|
| सम्बन्धी निर्देशिका, २०६३ |
| ❖ सेवा प्रवाह निर्देशिका, २०६७ |

## १६. कर प्रशासनको अनुरोधः

- ✓ स्थायी लेखा नम्बर (PAN) लिएर मात्रै व्यावसायिक कारोबार गरौं ।
- ✓ विद्युतीय माध्यमबाट विवरण फाइलिङ्ग गरौं ।
- ✓ करको भुक्तानी म्यादभित्रै गरौं ।
- ✓ कर छलीका सूचना छन् भने जानकारी गराउँ ।
- ✓ करसँग डर होइन, भर गरौं ।
- ✓ कर तिरौं, आफ्नो आम्दानीको वैधता सुनिश्चित गरौं ।
- ✓ कर तिर्नु कर्तव्य र गौरव दुवै हो ।
- ✓ बहाल आयमा १०% कर तिरौं ।
- ✓ मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको कारोबार गर्नेले बार्षिक ५० लाख, बस्तु तथा सेवाको मिश्रित कारोबार र सेवाको कारोबार गर्नेले बार्षिक २० लाख भन्दा बढीको कारोबार गर्ने भएमा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भई कारोबार गरौं ।
- ✓ बस्तु वा सेवा खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने दिने बानी बसालौं ।
- ✓ कारोबार स्थलमा सबैले देख्ने गरी कर दर्ता प्रमाण पत्र र करपाटी राखौं ।
- ✓ इजाजत पत्र लिएर मात्र अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार गरौं ।
- ✓ मदीरा र सूर्तिजन्य वस्तुको कारोबार स्थलबाट अन्य वस्तुको कारोबार नगरौं ।
- ✓ १८ बर्ष नपुगेका बालबालिकाहरूलाई मदीरा तथा चुरोटको बेचबिखन नगरौं ।
- ✓ मदीराको बेचबिखन बिहान १० बजेदेखि बेलुका १० बजेसम्म मात्र गरौं ।
- ✓ प्रत्येक बोतल तथा बट्टामा अन्तःशुल्क स्टिकर लागेको मदीरा तथा चुरोट मात्र उपभोग गरौं ।
- ✓ कर तिरौं, स्वाधीन अर्थतन्त्र निर्माण गर्न सहयोग गरौं ।

## १७. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

<u>खर्चको फाँटवारी (चालु खर्च)</u>

| महिनाः असारसम्म | आर्थिक वर्ष २०७८/०७९ | म.ले.प.फा.नं.: १३ |
|---|---|---|

| क्र.सं. | शिर्षक नं. | विवरण | बार्षिक बजेट | असारमहिनासम्मको खर्च/निकासा | बाँकी बजेट |
|---|---|---|---|---|---|
| १. | २११११ | तलव | ५६,७९,०००।०० | ५४,५६,४८०।८० | २,२२,५१९।२० |
| २. | २१११३ | महंगी भत्ता | २,४०,०००।०० | २,३६,२०७।०० | ३,७९३।०० |
| ३. | २१११९ | अन्य भत्ता | १५,०००।०० | ५,०००। | १,०००।०० |
| ४. | २११२१ | पोशाक | १,००,०००।०० | ८०,०००।०० | २०,०००।०० |
| ५. | २२१११ | पानी तथा बिजुली | ७,००,०००।०० | ६,८२,१९०।०० | १७,८१०।०० |
| ६. | २२११२ | सञ्चार महसुल | ७,००,०००।०० | ६,४३,६७०।०० | ५६,३३०।०० |
| ७. | २२१२१ | घर भाडा | ।०० | ०।०० | ०।०० |
| ८. | २२२११ | इन्धन | ७,८३,०००।०० | ७,४४,१६५।०० | ३८,८३५।०० |
| ९. | २२२१२ | सञ्चालन तथा मर्मत संभार | ९,६०,०००।०० | २,९५,४५९।०० | ६,६४,५४१।०० |
| १०. | २२२१३ | बीमा | १३४०००।०० | ९२२०।०० | १२४७८०।०० |
| ११. | २२३११ | कार्यालय सम्बन्धी खर्च | ।०० | ।०० | ।०० |
| १२. | २२३१४ | इन्धन (अन्य प्रयोजन) | १०००००।०० | २२८२५।०० | ७७१७५।०० |
| १३. | २२४१२ | अन्य सेवा शुल्क | १८४१०००।०० | १७०५८१०।०० | १३५१९।०० |
| १४. | २२५२२ | कार्यक्रम खर्च | ४९७०००।०० | १५५३९०।०० | ३४१६१।०० |
| १५. | २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | २५५०००।०० | २५५०००।०० | ।०० |
| १६. | २२६१२ | भ्रमण खर्च | १७५००८।०० | १७४१००।०० | ९०।०० |
| १७. | २२७११ | विविध खर्च | ३६००००।०० | १७२०२०।०० | १८७९८।०० |
| | | | | | |
| | | स्रोत अनुसारको जम्मा: | १६९१०००८।०० | १३६६७५२८।४० | ३२४२४७।०० |
| | | दातृ अनुसारको जम्मा: | १६९१०००८।०० | १३६६७५२८।४० | ३२४२४७।०० |
| | | कुल जम्मा: | १६९१०००८।०० | १३६६७५२८।४० | ३२४२४७।०० |

## मौज्दातको अवस्था:

| | |
|---|---|
| **बैंकको नाम:** | राष्ट्रिय बाणिज्य बैंक (को.ले.नि.का. TSA खाता) |
| **जम्मा निकासा रु.:** | १३६६७५२८।४० |
| **जम्मा खर्च रु.:** | १३६६७५२८।४० |
| **पेश्की रु.:** | ० |
| **पेश्की कटाई बाँकी खर्च रु.:** | १३६६७५२८।४० |

## खर्चको फाँटवारी (पूँजीगत खर्च)

आर्थिक वर्ष २०७८/०७९

| महिनाः असारसम्म | आर्थिक वर्ष २०७८/०७९ | म.ले.प.फा.नं.: १३ |
|---|---|---|

| क्र.सं. | शिर्षक नं. | विवरण | बार्षिक बजेट | असार महिनासम्मको खर्च/निकासा | बाँकी बजेट |
|---|---|---|---|---|---|
| १. | २९३११ | फर्निचर तथा फिक्स्चर्स | १५००००।०० | १३६३५७।०० | १३६४३।०० |
| २. | २९५११ | मेशिनरी औजार | १७५०००।०० | १०८५८२।०० | ६६४१८।०० |
| | | | | | |
| | | स्रोत अनुसारको जम्माः | ६३२५०००।०० | २४४९३९।०० | ६०८००६१।०० |
| | | दातृ अनुसारको जम्माः | ६३२५०००।०० | २४४९३९।०० | ६०८००६१।०० |
| | | कुल जम्माः | ६३२५०००।०० | २४४९३९।०० | ६०८००६१।०० |

**कोषको अवस्थाः**

| | |
|---|---|
| **बैंकको नामः** | राष्ट्रिय बाणिज्य बैंक (को.ले.नि.का. TSA खाता) |
| **जम्मा निकासा रु.:** | २४४९३९।०० |
| **जम्मा खर्च रु.:** | २४४९३९।०० |
| **फछ्यौंट गर्न बाँकी पेश्की रु.:** | ०।०० |
| **पेश्की कटाई बाँकी खर्च रु.:** | २४४९३९।०० |

**१८. कार्यालयले बर्गिकरण तथा संरक्षण गरेका सूचनाको विवरणः**

सार्वजनिक महत्वका सबै सूचनाहरू एवं सम्बन्धित व्यक्तिका व्यक्तिगत विवरणका सूचनाहरू खुल्ला रहने ।

**१९. कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सूचना दिईएको विषयः**

निवेदन नै नपरेको ।

**२०. कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः**

आन्तरिक राजस्व विभागको अधिनस्थ रहेको आन्तरिक राजस्व कार्यालय, कृष्णनगर अन्तर्गत पर्ने करदाता सेवा कार्यालय, तौलिहवा तथा करदाता सेवा कार्यालय, सन्धिखर्क एवंम् आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालयहरूबाट समेत यस कार्यालयसम्बद्ध सूचनाहरू पाउन सकिन्छ ।

## २१. सूचनाको हकसम्बन्धी महत्वपूर्ण जानकारीहरू:

१. संसारमा सूचनाको हकसम्बन्धी कानून जारी गर्ने पहिलो मुलुक स्वीडेन हो । सो मुलुकमा सन् १७६६ मा सूचनाको हकसम्बन्धी कानून जारी भएको हो । नेपालमा सन् २००७ (बि.सं. २०६४) मा सूचनाको हकसम्बन्धी कानून जारी भयो ।

२. सन् १९४८ मा जारी विश्वव्यापी मानव अधिकार घोषणापत्रको धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरिएको छ । तर, नेपालको संविधानमा नेपाली नागरिकलाई सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ ।

४. नेपालको सूचनाको हकसम्बन्धी कानून बमोजिम सूचना दिन अटेरी गर्ने पदाधिकारीलाई रु. पच्चीस हजारसम्म जरिवाना हुन्छ ।

५. 'इन्टरनेशनल राइट टू नो डे' बुल्गेरियाको राजधानी सोफियाबाट सन् २००२ को सेप्टेम्बर २८ बाट आरम्भ भएको हो । सन् २०१६ देखि यस दिवसको नाम 'इन्टरनेशनल डे फर यूनिभर्सल एक्सेस टू इन्फरमेशन' मा रुपान्तरित भएको छ ।

६. नेपालमा सूचनाको हकसम्बन्धी कानून २०६४ श्रावण ५ मा व्यवस्थापिका संसदबाट प्रमाणीकरण भएकोमा २०६४ भाद्र ३ देखि लागु भएको हो । जसअनुसार प्रत्येक बर्ष भाद्र ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रुपमा मनाइन्छ ।

७. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्थाअनुसार २०६५ बैशाख २२ गते आयोगको स्थापना भएको हो ।

८. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायको परिभाषाभित्र पर्ने सरकारी कार्यालय, राजनीतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र र कानूनद्वारा स्थापित सार्वजनिक निकायहरूले आफ्नो निकायको ३/३ महिनाको विवरण सार्वजनिक गर्नुपर्छ । ती निकायहरूले सूचना अधिकारी तोक्नुपर्छ । साथै कम्तिमा २० बर्षसम्मका सूचनाहरू अद्यावधिक गरी राख्नुपर्दछ ।




**सम्पर्कः**

| | |
|---|---|
| कार्यालयको नामः | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर |
| ठेगानाः | कृष्णनगर न.पा.-२, कपिलवस्तु |
| फोन नं. | ०७६-५२०६३२ |
| ई-मेलः | iro30@ird.gov.np |

मैले त कर तिरिसकैं,
त्यसैले निश्चिन्त छु ।
तपाईं निं ?



तपाईंका आर्थिक गतिविधिका सूचना हामीसँग छन्। यथार्थ कर दाखिला गरौं।

## आन्तरिक राजस्व कार्यालय, कृष्णनगर